# केदारस्युँ गाउँपालिका
## (Kedarsyun Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
## (OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.n

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३
चलानी नं :-

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउरा, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

## तथ्याङ्क संकलनका लागि गणक पदपुर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२२
नेपाल संवत ११४६ चौलागा तृतिया, आईतबार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार काठमाडौँको आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यकम अनुसार यस केदारस्युँ गाउँपालिकामा हस्तान्तरण भएको सशर्त अनुदान अन्तर्गत गरिब परिवार पहिचान एवं व्यवस्थापन सूचना प्रणालीमा (Poor Household Management Information System-PHMIS) यस गाउँपालिकाका सम्पूर्ण परिवारको तथ्याङ्क संकलन गर्नका लागि गरिब परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९ को अधिनमा रही देहाय बमोजिमको योग्यता पुगेका केदारस्युँ गाउँपालिका भित्रका इच्छुक नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र. स. | विज्ञापन नं. | पद | माग संख्या | विज्ञापनको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०५/२०८२/०८३ | तथ्याङ्क संकलनकर्ता गणक | ६ | खुला | रु. १००।०० |

१. **आवेदन फारमः** केदारस्युँ गाउँपालिकाको कार्यालय अथवा गाउँपालिकाको वेबसाइट www.kedarasyumun.gov.np बाट पनि प्राप्त गर्न सकिने छ।

२. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**
(क) व्यक्तिगत निवेदन।
(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
(ग) पासपोर्ट साइजको फोटो थान-२
(घ) न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी।

३. **न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएको।

४. **अन्य दक्षता तथा क्षमताः** कम्प्युटर सफ्टवेयर चलाउन जान्ने, मोबाईलमा युनिकोड टाइप गर्न सक्ने, एन्ड्रोइड फोन भएको

५. **उमेर** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। साथै महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

६. **कार्यक्षेत्रः** केदारस्युँ गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरु।

७. **सेवा सुविधाः** प्रति घरधुरी तथ्याङ्क संकलन गरेवापत रु. ८५/- सञ्चार खर्च एकमुष्ट रु. ७००/- र तथ्याङ्क संकलन भएको दिनको यातायात तथा खाजा बापत रु. २००/- उपलब्ध गराइनेछ।

८. **परीक्षाको किसिमः** कम्प्युटर तथा सूचिकरण सम्बन्धी सिप परीक्षण र अन्तर्वाता। ८. **दस्तुर बुझाउने स्थानः** यस कार्यालयको राजश्व शाखा।

९. **दरखास्त बुझाउने स्थानः** केदारस्युँ गाउँपालिकाको कार्यालय अन्तर्गत प्रशासन शाखामा बुझाउनु पर्नेछ।

**नोट :** म्याद नाघि आएका र रित नपुगेका दरखास्त माथि कार्वाही गरिने छैन।
परीक्षामा सहभागी हुँदा उम्मेद्वारले सवै प्रमाणपत्रहरुका सक्कल कागजातहरु पेश गर्नुपर्नेछ।

२०८२/१२/२२
केशव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner